नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०८२ (June 2025) वर्ष २८/अङ्क ३१८

## "निर्णय" लिनु एक विशेष आशिषे

– एल्डर बि.एन पण्डित

येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्" (लूका १९:९) ।

जब प्रभु येशू यस संसारमा शरीरमा हुनुहुन्थ्यो त्यस समयको घटना हो । उहाँ यरीहो शहर भएर जाँदै हुनुहुन्थ्यो । तसर्थ त्यहाँ एक जना कर उठाउनेहरूको हाकिम जसको नाम जखायस अथवा जक्कै पुड्के पनि भनिन्थ्यो । उसले प्रभुसँग भेट्ने उत्कट इच्छा गर्छ । तर पुड्को भएकोले सम्भावना न्युन हुन्छ । मुख्यत: कारण प्रभुको अघिपछि ठूलो मानिसहरूको जमात थियो । तसर्थ उसले हार खाँदैन तर प्रभुलाई जसरी भएपनि भेट्ने कोशिस गर्छ र अञ्जीरको रुखमा चढेर प्रभुको प्रतीक्षा गरिरहन्छ । फलस्वरुप प्रभु त्यहाँ आउनु भएपछि जक्कैलाई रुखवाट तल बोलाउनुहुन्छ र उसको उत्कट इच्छा देखेर लूका १९:५ जब येशू त्यस ठाउँमा आइपुग्नुभयो, तब उहाँले मास्तिर हेरेर तिनलाई भन्नुभयो, "ए जखायस, चाँडो ओर्लेर आऊ, किनभने आज मलाई तिम्रो घरमा बस्नुपरेको छ ।"

पुड्के जक्कैको जीवनमा जव प्रभुको आगमन हुन्छ तत्पश्चात जक्कैले एउटा साहसिक निर्णय लिन्छ र लूका १९:८ जखायसले खडा भएर प्रभुलाई भने, "प्रभु, हेर्नुहोस्, म आफ्ना सम्पत्तिको आधा भाग गरीबहरूलाई दिन्छु, र कोहीबाट अन्यायपूर्वक केही लिएको छु भने म त्यसको चार गुणा फिर्ता गरिदिनेछु ।"

प्रियहरू हो, यद्यपि यहाँ जक्कैले कसैको पनि एक पैसा फर्काएको वा भुक्तानि दिएको छैन, र सम्पतिको आधा भाग गरीबहरूलाई दिन्छु साथै कोहीबाट अन्याय पूर्वक केही लिएको छु भने चार गुणा फर्काउछु भनेर केवल निर्णय मात्र लिएको छ । यहाँ उसको निर्णयमा प्रभुले विशेष आशिष दिनुभएको छ अथवा अनन्तको जीवन, मुक्ति । तब येशूले तिनलाई भन्नुभयो, "आज यस घरमा मुक्ति आएको छ, किनकि यिनी पनि अब्राहामका छोरा हुन्" (लूका १९:९) ।

पुरानो करारमा जब, अब्राहामले परमेश्वरको आज्ञापालन गरी उहाँको भय मान्ने निर्णय गरे । योसेफले आफ्ना मालिकको पत्नीसँग व्यभिचार नगर्ने निर्णय गरे । बोल्न नजान्ने मोशा फारोको दासत्ववाट इस्राएलीहरूलाई छुट्काराका लागि अगुवा हुने निर्णय गरे । परमेश्वरका लागि राजा दाऊदले नाचेर राजकुमारी मिकल र मानिसहरूको दृष्टिमा अपमानित हुने निर्णय गरे । दानियलले अशुद्ध खानेकुरा नखाने निर्णय गरे । उनीहरूलाई परमेश्वरले उपरोक्त निर्णयमा विशेष आशिर्वाद दिई चलाउनुभयो ।

आज हामी नेइमका इसाईहरूले पनि जक्कै, अब्राहाम, योसेफ, मोसा, दाऊद र दानियलले झैं विभिन्न लत र कुलतबाट छुट्काराको लागि प्रभु येशूमा एउटा अठोट (निर्णय) लिनु परेको छ । हामीमा अझै स्वार्थीपना, ईर्ष्या, क्रोध, फुट, गुटबन्दी, दुश्मनी, व्यभिचार, पियक्कड्पना, मोबाईल तथा श्रृंगारका सामग्रीको अधिक प्रयोग, अरूको कुरा काट्ने, विभिन्न गेम तथा औषधिहरूको लत, संगतिको बेवास्ता आदि इत्यादि छ भने अहिले नै त्याग्ने निर्णय लिनु परेको छ । परमेश्वरले तपाईको निर्णयमा आशिर्वाद दिनु भएकोहोस् । आमेन् ।

### जून महिनाको कार्यक्रम

आषाढ १ गते/जून १५ तारिख आइतबार बिहान १०:०० बजे उपवास प्रार्थना आ-आफ्नो मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| जेष्ठ ३१ गते June 14 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | एल्डर दान ब. अधिकारी | डीकन भूपाल लामा | श्री सुचन तामाङ्ग | श्री सैदिप तामाङ्ग | डीकन सिमोन भण्डारी |
| आषाढ ७ गते June 21 | श्री विष्णु देउला | एल्डर वीर ब. के.सी. | एल्डर पूर्ण सुनुवार | सुश्री शिला लामा | श्री विजय तामाङ्ग | डीकन ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ |
| आषाढ १४ गते June 28 | पाष्टर सिमोन पाठक | डीकन कान्छा तामाङ्ग | श्री सामुएल तामाङ्ग | एल्डर सिद्धि खालिङ | एल्डर मन ब. मगर | एल्डर ग्रेस खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु |
| आषाढ २१ गते July 5 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | श्री पिटर घिमिरे | डीकन सुबोध अधिकारी | डीकन मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ |

## नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ ३१ गते June 14 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर राज गुरूङ्ग | श्री नर ब. श्रेष्ठ | एल्डर दानियल सापकोटा | एल्डर जमान घ्लान | एल्डर गोपी राई | एल्डर अमृत लामा | डीकन हिमलाल श्रेष्ठ |
| आषाढ ७ गते June 21 | एल्डर सागर थापा | श्री जीवन खालिङ | एल्डर लाक्पा लामा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानियल सापकोटा | डीकन रत्न तामाङ्ग | डीकनेस् रमिला शेर्पा | श्रीमती देवकी लामा | डीकनेस् रूष तामाङ्ग | डीकन गोविन्द नगरकोटी |
| आषाढ १४ गते June 28 | डीकनेस् रमा तामाङ्ग | एल्डर गोपी राई | श्रीमती रेणु घ्लान | डीकन राजु नगरकोटी | श्री विकास श्रेष्ठ | एल्डर कृष्ण श्रेष्ठ | एल्डर दानियल सापकोटा | डीकन गोपाल नगरकोटी | सुश्री भूमिका सुवेदी | श्री प्रभात राई |
| आषाढ २१ गते July 5 | एल्डर पेशल राई | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | एल्डर अमृत लामा | एल्डर गोपी राई | एल्डर पेशल राई |

## हार्दिक बधाई



वैशाख २५ गते/मे ८ तारिख, बिहीबार नेइम सिर्जनानगर चर्चको सदस्य सुश्री नविना दाहाल र शान्ति चर्च, बर्दियाको सदस्य श्री विश्वास भण्डारीको नेइम सिर्जनानगर चर्चमा विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### विशेष प्रार्थना

यस वर्ष SEE परीक्षा दिनुभएका विद्यार्थीहरूको र +2 को परीक्षा दिनुभएका विद्यार्थीहरूको Result को लागि प्रार्थना गरिदिऔं ।

### जानकारी



जहरसिंह पौवा बस्नुहुने नेइम जोरपाटी जहरसिंहपौवा चर्चको सदस्य श्री हर्क बहादुर वाइबा ७८ वर्षको उमेरमा जेष्ठ ८ गते/मे २२ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।


### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर। उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|
| **जेष्ठ ३१ गते**<br>June 14 | श्री<br>अन्जान घले | श्री<br>जीवन खालिङ | एल्डर<br>बाबुराम के.सी. | एल्डर<br>बी.एन. पण्डित | श्री<br>प्रेम गुरूङ्ग | एल्डर<br>छोदेन कार्थक | श्री<br>कुमार सेन्चुरी |
| **आषाढ ७ गते**<br>June 21 | डीकन<br>श्रीराम सुर्खेती | एल्डर<br>आमोस खालिङ | एल्डर<br>भुवन देवकोटा | एल्डर<br>पिटर लिम्बू | डीकन<br>शुक्रराज घिमिरे | डीकन<br>अनिल आले | एल्डर<br>जोरबिर राई |
| **आषाढ १४ गते**<br>June 28 | एल्डर<br>नभराज के.सी. | श्रीमती<br>सन्जु लिम्बू | एल्डर<br>जनकलाल श्रेष्ठ | एल्डर<br>राजु श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | श्री<br>बाबुकाजी श्रेष्ठ | डीकन<br>बल बहादुर राई |
| **आषाढ २१ गते**<br>July 5 | एल्डर<br>बाबुराम के.सी. | पाष्टर<br>शरण राई | एल्डर<br>आनन्द न्यौपाने | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरबिर राई |

## हार्दिक बधाई



जेष्ठ ४ गते/मे १८ तारिख आइतबार नेइम बालुवापाटी मण्डलीको सदस्य **श्री विजय तामाङ्ग** एभिनेजर बाइबल कलेज, जोरपाटीबाट इश्वर-शास्त्रमा स्नातक (B.Th) सफलतापूर्वक पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभ कामना व्यक्त गर्दछौं ।



जेष्ठ ४ गते/मे १८ तारिख आइतबार नेइम धापासी मण्डलीको **डीकन हेमराज आले** एभिनेजर बाइबल कलेज, जोरपाटीबाट इश्वर-शास्त्रमा स्नातक (B.Th) सफलतापूर्वक पूरा गरी दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभ कामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, उच्च स्थानमा हुनुभएकाहरू बीच एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले सुशासन सकून् ।

२. नेपाल देशमा रहेका सम्पूर्ण मानिसहरूले परमेश्वरको सत्यता बझ्न सकून् र प्रभु येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाता भनी आफ्नो हृदयमा बोलाउन सकून् ।

३. नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू आफू रहेको टोल, गाउँ-ठाउँमा प्रभु येशू ख्रीष्टको लागि असल साक्षीको जीवन जिएको कारण धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।

४. प्रभुदेखि टाढा भएकाहरू, अधुरा घर-घरानाकाहरू साथै सुसमाचार सुनेर पनि विश्वास नगर्नुभएकाहरू सबै समय छँदा नै परमेश्वरकहाँ आउन सकून् ।

५. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख कष्ट, खेदो सतावट सहिरहनुभएका प्रभुको जनहरूका लागि प्रार्थना गरिदिऔं ।

६. सम्पूर्ण विश्वासीहरू आफ्नो जीवनमा सफलता हासिल गर्न परमेश्वरको बोलावटमा आज्ञाकारी भएर जिउन सकून् ।

७. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

८. बेरोजगार हुनुभएकाहरूको लागि योग्यताअनुसार काम जुटेको होस् साथै बेरोजगारीको कारण कुनै पनि विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

९. शारीरिक तथा मानसिक रोग लागेका रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. प्रत्येक विश्वासीहरूले मानिसलाई खुशी पार्न, मानिसहरूको करकापमा र दवाबमा परेर संसारसँग सम्झौता नगरेको होस् जस्तो सुकै अवस्थामा पनि प्रभुमा स्थिर र अटल रहेर परमेश्वरको महिमा गरिरहन सकेको होस् ।

११. सम्पूर्ण मण्डलीहरूको असल साक्षीद्वारा प्रभुलाई नचिनेकाहरू परमेश्वरको राज्यमा आउन सकून् ।

१२. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २५ 8<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ तिमोथी ३:१६-१७ | आषाढ १ 15<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | ८ 22<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून्।<br>रोमी ४:२५ | १५ 29<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून्।<br>एफिसी ४:१७-३२ |
| **सोमबार** Monday | २६ 9<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २ 16<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ९ 23<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | १६ 30<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २७ 10<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | ३ 17<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | १० 24<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ | १७ July 1<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **बुधबार** Wednesday | २८ 11<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ४ 18<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ११ 25<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १८ 2<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **बिहीबार** Thursday | २९ 12<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | ५ 19<br>सबै जवानहरू प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ | १२ 26<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-२३ | १९ 3<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ |
| **शुक्रबार** Friday | ३० 13<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ६ 20<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १३ 27<br>देशभरि रहेका मण्डलीहरूले चढाइएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | २० 4<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ |
| **शनिबार** Saturday | ३१ 14<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | ७ 21<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | १४ 28<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पीडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | २१ 5<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छ, "नडरा, किनकि मैले तँलाई मोल तिरेर छुटाएको छु । मैले तँलाई तेरो नाउँ काढेर बोलाएको छु, तँ मेरै होस् । तँ पानीबाट भएर जाँदा म तेरो साथमा हुनेछु । तँ नदीहरूबाट भएर जाँदा तिनले तँलाई डुबाउनेछैनन् । तँ आगोबाट हिंडेर जाँदा डढ्नेछैनस् । त्यसको ज्वालाले तँलाई भस्म पार्नेछैन । किनभने म परमप्रभु, तेरा परमेश्‍वर हुँ, इस्राएलका परमपवित्र, तेरा उद्धारक । तँलाई छुटाउनका निम्ति मिश्रदेश, र तेरो सट्टनान कूश र सेबा म दिन्छु । तँ मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकाले, र मैले तँलाई प्रेम गरेको कारणले म मानिसहरूलाई तेरो सट्टामा, र जाति-जातिहरूलाई तेरो जीवनको सट्टामा दिनेछु । यशैया ४३:१-४**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,